**Teacher's Guide by Saurav Kiran Shrestha**

## Peaceful Nepal

This comic's message is that the prevailing gender, caste, religious, economic, social and class discrimination should be abolished in order to create a new Nepal. The story points out that the role of women is just as important as the role of men for the development of a society. Women should enjoy the same independence in their society as the men have been enjoying. We should encourage women, those marginalized and oppressed people to participate in the development of the country.

This is the story of Hariman who was displaced from his village and parents during the decade-long insurgency. This is also about his sister who has been missing for six years. The comic presents the story of all the parents and guardians who were compelled to ask their children to leave home in search of safe place during the conflict.

The decade-long armed conflict ended. Hariman returns to his peaceful village. He forgets his past nightmares and dreams of a new Nepal. He has been welcomed back to the village with open arms. His sister also returns to village after she had been missing for six years. However, the community does not welcome her return. Instead, it looks down on her. The villagers fail to understand the physical and mental torture she faced during her six-year long displacement. Instead of sympathizing with her, the villagers plan to expel her from the village.

The youth, like Hariman, who are dreaming for a new Nepal, ask their elders to end the discrimination toward girls like the returned sister. Ultimately, the villagers agree to accept both of them into the village in a bid to restructure the society with equality.

The story encourages youth to strive for positive changes in society. It demonstrates to young readers that they can abolish discrimination in society and resolve disputes through peaceful negotiation.

### Note to the Facilitators/Teachers

Many kinds of discrimination have existed in our society. We should work together to get rid of those deeply rooted social evils. This topic should be discussed in villages so that all member of the community have the opportunity to participate in society in the post-conflict Nepal. Listed below are some suggestions for using the comic effectively among friends and students:

- Read the comic aloud in front of the youth and let them read the comic themselves.
- Discuss the story with the youth.
- Ask them if they have noticed any discrimination in their homes, in educational institutions and their communities and discuss them. Share your experiences.
- Discuss the causes of discrimination, disputes and conflicts.
- Encourage them to treat to all people equally.
- Encourage them to write creative stories, poems, essays and articles so that they can share what they learned with others.
- Listen to their views and respect them.

निर्देशिका लेखन: सौरभकिरण श्रेष्ठ

## द्वन्द्वरहित नेपाल

यस चित्रकथाले समुन्नत नेपाल निर्माण गर्न लैङ्गिक, जातीय, आर्थिक, सामाजिक, वर्गीय, क्षेत्रीय आदि लगायत देशमा विद्यमान सबै किसिमका भेदभावलाई अन्त्य गर्नुपर्ने कुरा बुझाउन खोजेको छ । समाज निर्माणमा पुरूष सरह महिलाले पनि भूमिका निर्वाह गर्न सक्छन् । त्यसैले घर-समाजमा पुरूषले जुन किसिमबाट स्वतन्त्रता उपयोग गर्न पाएका छन् त्यसरी नै महिलालाई पनि स्वतन्त्रता दिनुपर्छ भन्ने आशय व्यक्त गरेको छ । साथै, महिलालगायत शोषित र पीडित वर्गहरूको सहभागितालाई देश विकासमा लगाउन प्रोत्साहित गरेको छ ।

एक दशक लामो सशस्त्र द्वन्द्वको कारण आफ्नो प्यारो गाउँ र आमाबुबाको न्यानो माया छोडेर, सहर पलायन हुन पुगेका हरिमानको कथा हो यो । यो कथा हरिमानकी दिदीको पनि हो जो कुनै खोज-खवरबिना ६-६ वर्ष हराएकी थिइन् । यो कथा सम्पूर्ण अभिभावकको पनि हो जो आफ्ना छोराछोरी द्वन्द्वको चपेटाबाट सुरक्षित होऊन् भन्ने चाहन्छन् । जो आफ्नो सन्तानलाई आफ्नै घर-आँगन छोडेर 'अन्त कतै सुरक्षित बासस्थान खोज्न जाऊ' भन्न बाध्य छन् ।

आज देशमा हिजोको जस्तो युद्धको स्थिति छैन । शान्ति आयो भन्ने विश्वासमा हरिमान आफ्नो गाउँ फर्कन्छ । पुरानो विचार त्यागेर नयाँ नेपाल बनाउने सपना उसले बोकेको हुन्छ । गाउँमा उसको सहर्ष स्वागत हुन्छ । त्यसरी नै धेरै वर्षसम्म अत्तोपत्तो नलागेकी हरिमानकी दिदी पनि गाउँ फर्किन्छिन् । तर गाउँ-समुदायलाई यो कुरा मन पर्दैन । घर-समाजले उनलाई हेयको दृष्टिले हेर्छन् । पलायन भएर बस्दा एउटी गाउँकी छोरीले के-कस्ता शारीरिक र मानसिक कष्ट झेलिन् होला ? यो सबैले बुझ्नुपर्ने हो । तर समाजले गाउँ फर्केकी हरिमानकी दिदीमाथि सहानुभूति देखाउनुको सट्टा उल्टै गाउँबाट निकाला गर्ने कुराहरू उठाउँछन् ।

नयाँ विचार र धारणा लिएका युवाहरूले यस किसिमको भेदभावविरूद्ध गाउँका ठूलाबडासँग तर्कपूर्ण छलफल गर्छन् । अन्त्यमा युवाहरूले समानतामूलक समाज निर्माण गर्न दुबै महिला पुरूषलाई समाजमा पुनःस्थापित हुने अवसर दिनुपर्छ भन्ने कुरामा सहमत गराउँछन् ।

यसरी यस कथाले समाज परिवर्तनका लागि युवापुस्तालाई आशावादी बन्न हौस्याएको छ । नयाँ नेपाल निर्माणका लागि सबैले आफ्नो गाउँ-ठाउँलाई माया गर्नुपर्छ, आफ्नो समाजमा भइरहका र हुनसक्ने सबै किसिमका भेदभावलाई अन्त्य गर्नुपर्छ र कुनै पनि सामाजिक मतभेद र द्वन्द्वहरूलाई तर्कपूर्ण सम्वादद्वारा सुल्झाउन सकिन्छ भन्ने सार यस चित्रकथाबाट युवा पाठकहरूले बुझ्ने छन् ।

### सहजकर्ता/शिक्षकहरूका लागि टिप्पणी

हाम्रो समाजमा विभिन्न किसिमका भेदभाव हुने गरेको पाइन्छ । यस्ता पुरातन संस्कार र मान्यताबाट हुने गरेको भेदभाव र द्वन्द्वलाई हटाउन सबै एकजुट हुनुपर्छ । नयाँ नेपाल निर्माणमा सबै सहभागी हुनुपर्छ र सबैले समान अवसर पाउनुपर्छ भन्नेबारे बुझाउन आफ्ना गाउँ समाजमा खुला बहस गर्नु आवश्यक छ । यस चित्रकथाको अध्ययन तथा अध्यापन गरी यस विषयसँग सम्बन्धित प्रश्नोत्तर तथा छलफल गर्न सकेमा पनि युवाहरू समानतामूलक र हिंसात्मक द्वन्द्व रहित नेपाल बनाउन प्रोत्साहित हुनेछन् । यसै सन्दर्भमा यहाँ आफ्ना साथी र विद्यार्थीसँग यो चित्रकथा उपयोग गर्ने केही तरिकाहरू दिइएका छन् :

- यो चित्रकथा उनीहरूलाई पढ्न दिनुहोस् वा पढेर सुनाउनुहोस् ।
- उनीहरूसँग यस कथाबारे कुरा गर्नुहोस् ।
- आफ्नो घर, शैक्षिकसंस्था, गाउँ र समाजमा के-कस्ता भेदभावहरू देख्नुभएको छ वा भोग्नुभएको छ ? सोध्नुहोस् र छलफल गराउनुहोस् । साथै, आफ्नो अनुभव पनि सुनाउनुहोस् ।
- भेदभाव र द्वन्द्व किन हुन्छ, सोध्नुहोस् र छलफल गराउनुहोस् । आफूसँग भएका जानकारी र सूचनाहरू पनि दिनुहोस् ।
- सबै वर्ग र समुदायसँग समानतामा आधारित व्यवहार र आचरण गर्न प्रोत्साहित गर्नुहोस् ।
- यस विषयसँग सम्बन्धित प्रेरणादायी मौलिक कथा, कविता र लेख-रचनाहरू लेख्न प्रोत्साहन दिनुहोस् ।
- उनीहरूको विचारलाई सधैँ सुन्नुहोस् र सम्मान गर्नुहोस् ।

# द्वन्द्व रहित नेपाल





यो गाउँमा बसिस् भने तँलाई पनि बेपत्ता पार्न बेर छैन, बरू आजै राती गाउँ छोडेर जा बाबु । सहर पसिस् भने कम से कम ज्यूँदै त हुन्छस् ।
यसरी रातारात बा आमाले छातिमाथि ढुंगा राखेर मलाई विदा गरेका थिए ।
सहरमा गिट्टी कुट्दै, भाँडा माझ्दै अनेक दुःख सहेर बसेँ । मेरा बा पनि बितेछन् घरमा आमा एक्ली छिन् ।
अब त शान्ति आयो भन्छन्, अब म घर फर्कन्छु, गाउँमै बस्छु...
आज
बाबु ! तेरो बा बितेपछि कत्ति रोएर बसें,
तेरी दिदी पनि बेपत्ता भएकी ६ वर्ष भइसक्यो... अत्तोपत्तो छैन । तँ आइस्, अब फेरि फर्केर जान्छु नभन् ।
जान्न आमा, अब गाउँमै बस्छु, तपाइँलाई छाडेर कहीं जान्न ।
तिमी गाउँ फर्केर आएका छौ । तिमीजस्ता अरू केटाहरू पनि फर्के यो गाउँको शोभा नै फेरिनेछ । तिमीलाई पाएपछि हामी सबै सारै खुसी छौं, बाबु ।
अब तिमी गाउँ छोडेर कतै नजाऊ ।


केही दिनपछि
ढक ढक
ए ! छोरी तिमी पनि आइपुग्यौ ! कहाँ गएकी थियौ छोरी यतिका वर्ष ?
लामो कथा छ आमा, पछि सुनाउँला ।
त्यो हरिकी दिदी गाउँ फर्केर आइछे ।
६-६ वर्ष बेपत्ता भएकी केटी फर्केर आएपछि हाम्रो गाउँको इज्जत के भो ?
तिनलाई त यो गाउँमा बस्न दिनु हुन्न ।
हो... हो... ठीक भन्यौ ।
केटी मान्छे भएर त्यसरी बेपत्ता हुने अनि लाज पचाएर फर्किने ? यो त हुँदैन ।
यसरी ६-६ वर्ष हराएर टुप्लुक्क आइपुग्ने केटीलाई हामी गाउँमा बस्न दिँदैनौं ।




प्रकाशक : पब्लिक अफेयर्स सेक्सन, अमेरिकी राजदूतावास, काठमाडौं Website: http://nepal.usembassy.gov ■ कथा : अशेष मल्ल ■ चित्र : योगेश खपाङ्गी